## आ.व २०८२।०८३ को १९औं कार्यपालिका बैठक

आज मिति २०८३।०१।२९ गते राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश विष्टज्यूको अध्यक्षतामा तथा तपशिल बमोजिमका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बस्यो । बैठकका उपस्थिति र निर्णयहरु यस प्रकार छन् ।

| क्र.सं. | नाम थर | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री प्रकाश विष्ट | |
| २. | उपाध्यक्ष | श्री कमलापति चौधरी | |
| ३. | सदस्य (वडा नं. १ अध्यक्ष) | श्री गेमे खड्का | |
| ४. | सदस्य (वडा नं. २ अध्यक्ष) | श्री पहलवान चौधरी | |
| ५. | सदस्य (वडा नं.३ अध्यक्ष) | श्री उमेश अधिकारी | |
| ६. | सदस्य (वडा नं.४ अध्यक्ष) | श्री विर बहादुर चौधरी | |
| ७. | सदस्य (वडा नं. ५ अध्यक्ष) | श्री देव प्रसाद चौधरी | |
| ८. | सदस्य (वडा नं. ६ अध्यक्ष) | श्री दीपक कुमार चौधरी | |
| ९. | सदस्य (वडा नं. ७ अध्यक्ष) | श्री सिताराम चौधरी | |
| १०. | सदस्य (वडा नं.८ अध्यक्ष) | श्री चन्द्र बहादुर गुरुङ | |
| ११. | सदस्य (वडा नं. ९ अध्यक्ष) | श्री रिम बहादुर सुनारी मगर | |
| १२. | सदस्य | श्री पार्वती सुबेदी | |
| १३. | सदस्य | श्री चम्फा भुसाल | |
| १४. | सदस्य | श्री रण बहादुर पुजाली सार्की | |
| १५. | सदस्य | श्री गिता चौधरी | |
| १६. | सदस्य | श्री सावित्री चौधरी | |
| १७. | सदस्य | श्री संजिव परियार | |
| १८. | सदस्य सचिव | श्री देविराम पाठक | |
| **आमन्त्रित** | | | |
| १९. | रेशमराज अधिकारी | | |
| २०. | | | |
| २१. | | | |
| २२. | | | |

रामी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मसुरिया, दे, दाङ।

**आ.व. २०८२।०८३ को १९ औं कार्यपालिका बैठकका प्रस्तावहरु:**

मिति: २०८३।०१।२९

१. अघिल्लो कार्यपालिका बैठकका निर्णयह कार्यान्वयन समिक्षा सम्बन्धमा।
२. मुस्लिम छत्राहरुको लागि चिकित्सा शिक्षा (MBBS) छात्रवृत्ति मापदण्ड स्वीकृत सम्बन्धमा।
३. नामसालिङ संगको साझेदारीमा बाह्रैमास सिचाई स्यालो ट्युबेल निर्माण सम्बन्धमा।
४. राष्ट्रिय सरसफाई सप्ताह संचालन सम्बन्धमा।
५. तार जाली उपलब्ध गराउने सम्बन्धमा।
६. वेरोजगारहरुको आवेदन सम्वन्धमा।
७. क्लोथ एण्ड फुड बैंक नेपाल प्रा.लि.स्थापना तथा सञ्चालन सम्बन्धमा।
८. सिसहनिया उद्योग वाणिज्य संगको साझेदारीमा झोला व्यवस्थापन सम्बन्धमा।
९. जलवायु परिवर्तनले समुदायमा पारेको प्रभाव सम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्बन्धमा।
१०. गढवा गाउँपालिकासँग दमकल साझेदारी सम्बन्धमा।
११. सर्प दंश,सर्प उद्धार तथा व्यवस्थापन स्वंयसेवकलाई ईन्धन सुविधा सम्बन्धमा।
१२. गुठ्काजन्य पदार्थको बिक्री वितरण नियन्त्रण सम्बन्धमा।

आर्थिक वर्ष २०८२/०८३ बैठक नं. १९ मिति २०८३।०१।२९

**राप्ती गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बिष्टज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिका बैठकका निर्णयहरू:**

**निर्णय नं. १:**

यस अघिका कार्यपालिका बैठकका निर्णयहरूको समीक्षा गरियो।

**निर्णय नं. २:**

**"मुस्लिम छात्राहरुको लागि चिकित्सा शिक्षा (MBBS) छात्रवृत्ति सम्बन्धी मापदण्ड २०८३"** स्वीकृत गरी मापदण्डका आधारमा चालू आ.व.मा **"राप्ती गाउँपालिका भित्रका मुस्लिम समुदायका छात्राको लागि (MBBS) अध्ययनार्थ छात्रवृत्ती कार्यक्रम"** (२२५२२) शिर्षकमा विनियोजन भएको बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि सार्वजनिक सूचना आव्हान गरी प्रकृया अघि वढाउने।

**निर्णय नं. ३:**

प्रस्ताव नं. ३ मा छलफल गर्दा नामसालिङ सामुदायिक विकास केन्द्र सँगको साझेदारीमा सिँचाइ प्रयोजनका लागि बेमौसमी तरकारी लगायत अन्य खेती गर्नका लागि समृद्धि कृषक समूह,राप्ती-८ मा मागको आधारमा स्यालो ट्युबवेल निर्माण कार्य सञ्चालन गर्ने सम्बन्धमा छलफल हुँदा, उक्त कार्य **"संघ, प्रदेश तथा अन्य साझेदार संघसंस्थासँगको लागत साझेदारीमा सञ्चालन हुने पूर्वाधार निर्माण कार्यक्रम (सडक बोर्ड लगायत) शीर्षकबाट"** स्थलगत अध्ययन तथा प्राविधिकबाट तयार गरिने स्वीकृत लागत अनुमान (Estimate) का आधारमा लागत साझेदारीमा सञ्चालन गर्ने।

**निर्णय नं. ४ :**

"राष्ट्रिय सरसफाई सप्ताह" कार्यक्रम मिति २०८३ जेष्ठ १ गतेदेखि २०८३ जेष्ठ ११ गतेसम्म व्यवस्थित प्रभावकारी तथा सहभागितामूलक बनाउन वडा भित्र रहेका टोल विकास संस्था, खानेपानी तथा सरसफाइ समिति, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सुरक्षा निकाय, नागरिक समाज, विभिन्न संघसंस्था, राजनीतिक दल तथा स्थानीय समुदायको सहकार्यमा कार्यक्रम सञ्चालन गर्ने।

**निर्णय नं. ५:**

राप्ती गाउँपालिकाको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक नीति तथा कार्यक्रम अन्तर्गत **"संघ, प्रदेश तथा अन्य साझेदार संघसंस्थासँगको लागत साझेदारीमा सञ्चालन हुने पूर्वाधार निर्माण कार्यक्रम (सडक बोर्ड लगायत)"** शीर्षकबाट साझेदार संस्था UN-Habitat Nepal र गाउँपालिकाबीच बराबर लागत साझेदारीमा स्थलगत अध्ययन तथा प्राविधिकबाट तयार गरिने स्वीकृत लागत अनुमान (Estimate) का आधारमा तारजाली (Gabion Wire Mesh) खरिद गर्ने।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ मा छलफल गर्दा आ.व २०८३/०८४ का लागि वडाबाट सिफारिस भएका १४३ वटा वेरोजगार दर्ताका आवेदन फारमहरु स्वीकृत गर्ने।

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ मा छलफल गर्दा राप्ती गाउँपालिका र क्लोथ एण्ड फुड बैंक नेपाल प्रा.लि. बीच राप्ती गाउँपालिका कार्यालय क्षेत्रभित्र कपडा बैंक स्थापना तथा सञ्चालन गर्ने सम्बन्धमा तत्कालै सम्झौता गरी क्लथ बैंक स्थापना र संचालन गर्नुका साथै चालु आ.व. मा उल्लेखित शिर्षकमा विनियोजन भएको रकम उक्त प्रा.लि. लाई भुक्तानी गरी बाँकी रकम रू.२०६,०००।–(अक्षरूपी दुई लाख छ हजार) रुपैयाँ श्रोत सुनिश्चित गरी आगामी आ.व.मा रकम विनियोजन गर्ने।

**निर्णयः नं. ८:**

प्रस्ताव नं. ८ मा छलफल गर्दा उद्योग वाणिज्य संघसँगको साझेदारीमा झोला व्यवस्थापन कार्यक्रम लागत साझेदारीमा सञ्चालन गर्ने गरी आयोजना स्वीकृत भएकोमा, उक्त कार्यक्रम अन्तर्गत वातावरणमैत्री झोला प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न गाउँपालिकाको ७५ प्रतिशत र उद्योग वाणिज्य संघको २५ प्रतिशत लागत साझेदारी रहने गरी सिसहनियाँ उद्योग वाणिज्य संघ संग कार्यक्रम सञ्चालन गर्ने।

**निर्णय नं. ९:**

प्रस्ताव नं. ९ मा छलफल गर्दा जलवायु परिवर्तनका कारण समुदायमा परेको प्रभाव, वातावरणीय जोखिम न्यूनीकरण तथा अनुकूलन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत रहेको **"कार्य सम्पादनमा आधारित स्थानीय जलवायु अनुकूलनका क्रियाकलापहरु कार्यान्वयन (LoCal Project)"** शीर्षकबाट खर्च व्यहोर्ने गरी संञ्चालन गर्ने।

**निर्णय नं. १०:**

प्रस्ताव नं. १० मा छलफल गर्दा विपद् व्यवस्थापन तथा आगलागी नियन्त्रण कार्यलाई प्रभावकारी बनाउन गढवा गाउँपालिकासँग राप्ती गाउँपालिकाले लागत साझेदारीमा दमकल सेवा सञ्चालनमा समन्वय गर्ने तथा अति आवश्यक सामग्री तथा उपकरण खरिद गरी सम्बन्धित गाउँपालिकालाई हस्तान्तरण गर्ने।

**निर्णय नं. ११**

सर्पदंश तथा सर्प उद्धार र व्यवस्थापन कार्यमा खटिने तालिमप्राप्त स्वयंसेवकलाई खटिएको बखत आवश्यक इन्धन खर्च उपलब्ध गराउने।

**निर्णय नं. १२**

मानव स्वास्थ्य र वातावरणीय हिसावले हानिकारक वस्तुको रुपमा रहेको गुठ्काजन्य पदार्थ राप्ती गाउँपालिका क्षेत्र भित्र बिक्री वितरण गर्न रोक लगाउने। यसका लागि उद्योग वाणिज्य संघहरु र राप्ती चेम्बर अफ कमर्श समेतलाई जानकारी गराउने।